# बाल सहयोगको बारेमा . . . तपाईंले के थाहा पाउनुपर्छ

**1/9/2015 मा संशोधन गरिएको**

बाल सहयोग भनेको एउटा परिवारले अर्कोलाई उनीहरूका बच्चाको निम्ति गर्ने अर्थिक सहयोग हो। आमाबाबु छुटिएको अवस्थामा, र/वा विवाह-विच्छेद भएको अवस्थामा, विवाह, पितृत्व विच्छेद, र कानूनी छुटानाम मुद्दाहरू भएको खण्डमा बाल सहयोगको आदेश जारी गरिन्छ। यो आदेश, आफ्नो बाबुआमाको वैवाहिक सम्बन्धमा नै रहेको भए (वा विवाह गरेको भए) बच्चाले जस्तो जीवन स्तरमा जिउन पाउथ्यो लगभग त्यही स्तरमा उसले सुविधा प्राप्त गर्न सक्ने रकममा अदालत वा बाल सहयोग एजेन्सीले गर्दछ, अथवा सम्बन्धित पक्षहरूको सम्झौताद्वारा स्थापना गरी अदालतद्वारा अनुमोदन गरिन्छ।

बाल सहयोगको स्थापना, परिवर्तन र लागू गराउने काम प्रान्त बाल सहयोग लागू एजेन्सी [Child Support Enforcement Agency (CSEA)] द्वारा साथै पारपाचुके, विवाह विच्छेद, कानूनी छुटानाम, मातृत्व वा पितृत्व र/वा परिवारिक अधिकारहरूको विनियोजन (हिरासतमा) आदि सम्बन्धी अदालती कार्वाहीद्वारा पनि गरिन्छ।

## बाल सहयोगको लागि कसले रकम तिर्छ?

यस सम्बन्धी अपवादहरू भए तापनि, सामान्यतया “गैर-आवासिय” बाबु/आमाले, वा ठूलो आम्दानी भएको आमा/बाबुले बच्चा जोसँग धेरै जसो बास्छ (आमा/बाबु) उनलाई बाल सहयोगको निम्ति रकम प्रदान गर्छ। बाँडफाट गरिएको परिवार योजनामा, यदि बसाइको समय लगभग आधा-आधा भएमा, बच्चा आफ्नो बाबु वा आमाको घरमा बसेको आधारमा सहयोगको रकम घाउन सकिन्छ। तैपनि, यदि बाबु र आमको आम्दानीमा ठूलो असमानता छ भने, बच्चा हरेक घरमा बसेको समय जतिसुकै भए तापनि बाल सहयोगको रकम नघट्न सक्छ। यदि आमा/बाबुले बच्चाको फाइदाको निम्ति महत्त्वपूर्ण योगदान प्रदान गर्छ भने अदालतले बाल सहयोग मार्गनिर्देशनको विचलन प्रदान गर्नसक्छ।

## बाल सहयोग कसरी हिसाब गरिन्छ?

बाल सहयोगको हिसाब राज्य कानूनमा उल्लेख गरिएको सूत्र अनुसार गरिन्छ। सूत्रले बाबु र आमाको कुल आम्दानीलाई जोड्छ। रकमको राशिलाई घटाउन सक्ने हिसाबले, बाबु वा आमाले केही निश्चित आम्दानीलाई “समायोजन” गर्न पाउँछन्। समायोजनमा, तिरेको यथार्थ स्थानिय कर, वा घरमा बसिरहेका अन्य बालबालिकाको सहयोगको निम्ति अन्य कुनै पनि बाल वा आमा/बाबु सहयोग तिरको वा प्राप्त गरेको रकम र बाल स्वास्थ्य विमा अथवा अन्य कुनै पनि काम सम्बन्धी बाल सहयोग खर्चहरूको समायोजन रकम आदि समावेश हुन्छ।

राज्य कानूनले जम्मा समायोजन गरिएको आम्दानी र बाबु/आमाको निम्ति फरक बाल सहयोग रकम राशी सूचीकृत गर्ने चार्ट पनि प्रदान गर्छ। बाल सहयोगको लागि तिर्नु पर्ने अन्तिम रकमलाई निर्धारण गर्नको निम्ति त्यो राशि सुरु बिन्दु हो र यसलाई “दिशानिर्देश” रकम भनिन्छ।

**मेडिकल रकम सहयोग आदेश भनेको के हो?**

यदि उचित मूल्यमा उपलब्ध भएमा अदालतले बच्चाको बाबु वा आमा दुवैलाई स्वास्थ्य विमा समावेश गर्न आदेश दिन्छ। यदि बच्चाको विमाको निम्ति लाग्ने रकम जाम्मा आम्दानीको पाँच प्रतिशत वा त्योभन्दा कम भएमा मूल्यलाई उचित भनी मानिन्छ। यदि तिर्न सकिने विमा सेवा उपलब्ध नभएमा, आमाबाबुलाई जसरी भए पनि स्वास्थ्य विमाको निम्ति रकम बाँडफाट गरी तिर्न आदेश दिइन्छ, र यस अन्तर्गत बाल सहयोगको निम्ति रकम तिर्ने बाबु/आमालाई थप रकम तिर्न लगाइन्छ (तर यसमा मात्र सीमित हुँदैन) जसलाई “मेडिकल रकम” भनी भनिन्छ।

बाल सहयोगको निम्ति रकम प्राप्त गर्ने आवासीय बाबु/आमालाई नै सामान्यतया असमावेश "सामान्य" मेडिकल खर्चहरू आदेश दिइन्छ, यस खर्चलाई राज्य कानूनले पहिलो प्रति बालको निम्ति $१०० प्रति वर्ष रकम भनी परिभाषित गरेको छ। योभन्दा माथिको रकमलाई “असामान्य” रकम भनी भनिन्छ र यो रकम तिर्न बाबु र आमा दुवैलाई आफ्ना आम्दानीको अनुपातको आधारमा वा बाबु वा आमाले बाल सहयोगको निम्ति रकम तिरिसकेपछि रहेको रकमको अनुपातको आधारमा तिर्न आदेश दिइन्छ।

२००८ मा लागू भई, कुनै पनि बाल सहयोगले तीन फरक तरिकाबट बाल विमा खर्च समावेश गर्न कानूनले अनिवार्य गर्दछ:

1) बच्चाको निम्ति विमा गरिदा बाल सहयोग आदेशले बच्चाको स्वास्थ्य विमा खर्च समावेश गर्नैपर्छ। विमाको खर्चको आधारमा, आवश्यक पर्ने खर्च रकम फरक हुनेछ।
2) यदि सम्बन्धित पक्षले स्वास्थ्य विमा आदेश पालन गर्दैन भने वा न्यायसंगत ढङ्गले तिर्न सक्ने स्वास्थ्य विमा प्रदान गरिएन भने, आधारभूत बाल सहयोग राशी लागू गरिन्छ, र यसमा "मेडिकल रकम सहयोग आदेश" समावेश गरिन्छ।
3) सुरु गर्नको निम्ति कुनै स्वास्थ्य विमा छैन भने, अथवा कुनै कारणवश विमा गुमाइयो भने, मेडिकल रकम सहयोग आवश्यक पर्दछ।

मेडिकल रकम सहयोग आदेशको उद्देश्य भनेको बच्चाको समावेश नगरिएको स्वास्थ्य हेरचहार खर्चको निम्ति रकम प्रदान गर्नु हो, यो रकम बाबु वा आमा जोसँग बच्चा बसोबास गर्दैन उनीद्वारा तिरिएको हुनसक्छ, वा

सार्वजानिक एजेन्सी वा व्यक्तिद्वारा प्रदान गरिएको हुनसक्छ, र बच्चाको निम्ति व्यक्तिगत स्वास्थ्य विमा नगरिएको/नभएको अवस्थामा मात्र यो रकम लिइन्छ।

**यदि मैले बाल सहयोगको निम्ति रकम तिरेँ भने, मैले मेरो कर फिर्तामा बच्चालाई स्वत: रूपमा दाबी गर्छु?**

सामान्यता, व्यक्तिगत कर उद्देश्यको निम्ति कसले बालक दाबी गर्ने अधिकार पाउनेछ त्यस विषयमा बाबु/आमालले कुराकानी गर्नुपर्छ। यदि अदालतले आदेश दिन्छ भने, आदेशले प्रत्येक परिवारलाई पर्ने खुद कर प्रभाव र बच्चाको हीतमा कुनचाहिँ उत्तम छ त्यसलाई अदालतले विचार गर्नैपर्छ। बच्चालाई व्यक्तिगत कर उद्देशयको निम्ति दाबी घोषणा गर्नको निम्ति गैर-आवासीय बाबु/आमाले आइ.आर.एस. फारम (IRS Form) (हाल, ८३३२ फारम) मा हस्ताक्षर गर्नै पर्छ। सुलभ हेरचहार कानून (the Affordable Care Act) अन्तर्गत, बच्चाको निम्ति छूट दाबी गर्ने बाबु/आमा नै बच्चाको विमा गराउने कामप्रति जिम्मेवार हुन्छ।

**बाल सहयोग कति लामो समयसम्म रहन्छ?**

बालकको उमेर १८ वर्ष अथवा बच्चा उच्च माध्यमिक तहको शिक्षा समाप्तमध्ये जुनको समय पछि हुन्छ त्यस बेलासम्म बाल सहयोग तिरिनुपर्छ। तैपनि, यदि बच्चाले उच्च माध्यमिक शिक्षा अध्ययन गरिरहेको छैन र बाबु/आमामा भर परिरहेको छैन वा बाबु/आमासँग बसिरहेको छैन भने (जस्तै, विवाह गरेको वा अन्यथा स्वतन्त्र भएको), त्यस्तो अवस्थामा बाल सहयोग बच्चाको उमेर १८ वर्ष पुग्नुभन्दा पहिले नै समाप्त हुन्छ। यदि बच्चाको उमेर १८ वर्षभन्दा माथि छ र अझै उच्च माध्यमिक तहमा अध्ययन गरिरहेको छ भने, आदेश दिइने अथवा सहमती नगरिएको खण्डमा उसको उमेर १९ वर्ष पूरा भइन्जेलसम्म उसको उच्च माध्यमिक शिक्षा समाप्त गरुन्जेल बाल सहयोग निरन्तर हुनेछ।

१८ वर्षको उमेरसम्म आत्म-निर्भर हुन नसक्ने देखिएका अपाङ्ग बालबालिकाहरूका निम्ति विशेष नियम लागू हुन्छ। यदि बच्चा अपाङ्ग छ भने, बच्चाको उमेर १८ वर्षभन्दा माथि भए पनि बाल सहयोग राम्ररी तिर्ने आदेश दिन सकिन्छ। समय अवधि बच्चाको आत्मनिर्भर हुनसक्ने क्षमतामा निर्भर हुनेछ।

तैपनि, यदि बाबु/आमाले आफ्ना विवाह-विच्छेद उर्दी कागजातमा बच्चालाई १८ वर्ष भन्दा माथि पनि सहयोग गर्ने (जस्तै, कलेजको लागि सहयोग गर्ने) सम्झौता गरेको छ भने, अदालतले उक्त सम्झौतालाई अपनाई लागू गराउन सक्छ।

विवाह बन्धनबाहिर जन्मेका बालबालिकाहरूका निम्ति पनि माथि उल्लेख गरिएको नियमहरू नै लागू हुन्छन्। बाल सहयोग बच्चा जन्मेको दिनदेखि सुरु भई “स्वतन्त्रता गरिने” (१८ वर्ष उमेर, वा व्यक्तिगत समय) दिनसम्म रहन्छ, तर यसको आदेश बाबुको सनाखत कानूनी रूपमा निर्धारण भएपछि मात्र गरिन्छ।

**यदि अदालतले सहयोगको आदेश जारी गर्छ तर त्यसको निम्ति रकम तिरिँदैन भने के हुन्छ?**

सम्पूर्ण बाल सहयोग आदेश साथै दुई प्रतिशत प्रक्रियागत शुल्क, बाल सहयोग लागू एजेन्सी (CSEA) द्वारा तिरिनै पर्छ। सामान्यतया रकम तिर्ने व्यक्तिको चेकबाट असुली गरिन्छ, तर स्वरोजगारमा रहेको व्यक्तिको हकमा भने बाल सहयोग धेरै जसो व्यक्तिको नियुक्त बैंक खाताबाट असुली गरिन्छ।

रोजगार नभएका आमा/बाबुका निम्ति "काम खोज" आदेश जारी गरिन सक्छ। रोजगार नभएका आमा/बाबुले आफूले काम प्राप्त गर्नको निम्ति के गरिरहेको छ, र कुनै आम्दानी प्राप्त गरेको वा काम पाएको भए त्यसको विवरण निरन्त रूपमा बुझाउनुपर्छ।

सहयोग आदेश जारी गरिएको कुनै पनि व्यक्तिको निम्ति बाल सहयोग लागू एजेन्सी (CSEA) को अधिकारीहरू खटाइएको हुन्छ। कुनै खर्चविना, बाल सहयोग लागू एजेन्सी (CSEA) अधिकारीले शुल्क तिर्ने व्यक्तिको तर्फबाट अवहेलन प्रस्ताव उजुरी गरेर अथवा सहयोग दिने व्यक्तिको बैंक खाता तथा तलब अलंकृत गरी सहयोग आदेश लागू गराउने प्रयास गर्छ।

बाल सहयोग लागू एजेन्सी (CSEA) ले कर फिर्ता, बोनस वा सम्बन्धित पक्षले प्राप्त गरेको त्यस्तै किसिमका फाइदा आदि जस्ता केही निश्चित आमदानी स्रोतहरूलाई लिई विगतको बाँकी सहयोग रकम असूली गर्न सक्छ। यसका साथै, बाल सहयोग लागू एजेन्सी (CSEA) ले तिर्ने व्यक्तिको सवारीसाधन अनुमति पत्र र व्यवसायिक अनुमति पत्र लगायतका अनुमति पत्रहरूलाई निलम्बित गर्नको निम्ति कार्वाही अघि बढाउन सक्छ। अन्त्यमा, बाल सहयोग लागू एजेन्सी (CSEA) ले अनुपस्थित बाबु/आमाको ठेगाना पत्ता लगाई मातृत्व/पितृत्व र बाल सहयोग स्थापना गर्न, र लागू दवावको निम्ति अन्य राज्यहरूमा सहयोग आदेश पठाउन सक्छ।

**यदि बाबु/आमाले सहयोगको निम्ति रकम तिर्दैन भने लालनपालनको समय इन्कार गरिन्छ?**

गरिँदैन। रकम तिर्ने बाबु/आमाले लालानपालनको समय प्राप्त गर्ने अधिकारको निम्ति रकम तिर्दैन, ताकि बाबु/आमाले बाल सहयोगको निम्ति रकम तिर्न नसकेको कारण लालनपालनको समय इन्कार गरिँदैन।

वास्तवमा, अदालतले आदेश गरेको लालनपालन समय अधिकारलाई जानी-जानी इन्कार गर्ने बाबु/आमा अदालतको अपहेलन गरेको ठहर गरिन सक्छ, जसको निम्ति सजाय भनेको जेल सजाय, जरिमाना र वकील शुल्क र अदालत खर्च तिर्नु पर्ने हुन्छ। यसका साथै, यदि लालनपालनको समय इन्कार गर्ने बाबु/आमाले हेरचहारमा परिवर्तन चाहान्छ भने, हेरचहारको जिम्मेवार आमा/बाबुले जानी-जानी लालनपालन समय अवधि

इन्कारलाई कसले हिरासतको सजाय पाउनेछ सो कुराको निर्णय गर्नको निम्ति महत्वपूर्ण कारक तत्वको रूपमा अदालतले लिनेछ।

**बाबु/आमाले लालनपालनको समयलाई इन्कार गरेमा सहयोग रोकिन सक्छ?**

सक्छ। रकम प्रदान नगर्ने बाबु/आमाबाट रकम संकलन गर्ने प्रयास गर्नको निम्ति बच्चालाई हेरचहार गर्ने बाबु/आमाले अदालतले आदेश दिएको लालनपालनको समय जानी-जानी उल्लङ्घन गरेको नहुन सक्छ, त्यस्तै हेरचहारमा संलग्न नभएको बाबु/आमाले जानी-जानी बाल सहयोग आदेश उल्लङ्घन गरेको नहुन सक्छ। सहयोग रकम रोक्का गर्ने व्यक्तिलाई पनि अदालतको अपहेलन गरेको ठानिनेछ। यसको साथै, यदि बाल सहयोग रोक्का गर्ने बाबु/आमाले बच्चाको हेरचहार गर्न चाहन्छ भने, सहयोगको निम्ति जनी-जानी रकम नतिरिएको कुरालाई त्यस विषयमा निर्णय गर्ने महत्वपूर्ण कारक तत्व बन्दछ। लालनपालनको समयमा हुने इन्कार तथा हस्तक्षेपको निम्ति कानूनले निवारणहरू प्रदान गर्दछ। बच्चालाई सहयोगबाट वन्चित गर्नु तिनमध्येको एक होइन।

**सहयोग परिवर्तन गर्न सकिन्छ?**

यदि अवस्थाहरूमा परिवर्तन भएमा (जस्तै, अनैच्छिक रूपमा रोजगार छाड्नु पर्ने भएमा, सैन्य सेवामा बोलावट, नयाँ बच्चाको जन्म वा अशक्तता निर्धारण वा आमा वा बाबुको आम्दानी वा बच्चाको आवश्यकतामा घटबढ भएमा) सहयोग परिवर्तन गर्न सकिन्छ। आमा वा बाबुमध्ये जो-कोहीले पनि सहयोग आदेश जारी गरिएको प्रान्तको वकील वा बाल सहयोग लागू एजेन्सी (CSEA) मा सम्पर्क गरी परिवर्तनको अनुरोध दिन सक्छ।

**१/९/२०१५**

*© जनवरी २०१५ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH  43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो। अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धैरेजसो आइपर्न कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस . यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाईं सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.